# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: २०८०/०८१

च.नं..:

मितिः.................................

## !! सूचना !!      !! सूचना !!      !! सूचना !!

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२३)

चालु आ.व. २०८०/८१ को राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रममा "अति विपन्न तथा पछाडी पारिएका समुदायका महिलाहरु र कोभिड-१९ बाट प्रभावित समेतको लागि जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम" संचालन गर्नका लागि इच्छुक संस्थाहरुले निम्न आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातहरु:**

- संस्थाले प्रस्ताव पेश गर्दा कार्यक्रमको अवधारणा पत्र व्यवसायिक योजना सहित प्रस्तावको ढाँचा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७को अनुसुचि-२ बमोजिम हुनुपर्नेछ ।
- संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रकृया भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण । प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण ।
- प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
- अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन ।
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकाय बाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारी स्रोत सहितको यथार्थ विवरण ।
- कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा ।
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरि व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरि सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

नोटः "राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७" महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेवसाइट (www.mowcsc.gov.np) मा प्राप्त गर्न सकिनेछ ।

.....................................

गौरी प्रसाद आचार्य

प्रमुख प्रसाशकिय अधिकृत

**गौरी प्रसाद आचार्य**

**प्रमुख प्रशासकीय अधिकृत**


फोनः ०५६-५०००६८, ५०००७२

इमेलः devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइटः devghatmun.gov.np